लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# प्रादेशिक आयुर्वेद चिकित्सालय

बिजौरी, दाङ

**अत्यावश्यक आयुर्वेद औषधि खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना !**

**सिलबन्दी दरभाउपत्र नं. PAH- SQ- Goods -01-2083/84**

प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२६

यस चिकित्सालयको आ.व ०८३/०८४ मा अत्यावश्यक आयुर्वेद औषधि खरिद सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म वा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र मार्फत पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

शर्तहरु:

१.यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ८औं दिन १२:०० बजे भित्र सिलबन्दी दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र मार्फत कार्यालयमा पेश गर्न सकिनेछ। सिलबन्दी दरभाउपत्र दस्तुर बापतको रकम नेपाल बैंक लिमिटेडमा राजस्व खाता नं २७४०२०००००१००१००००००१ मा राजस्व शिर्षक नं. १४२२९ र कार्यालय कोड नं.३७००१५६०३५, कार्यालयको नाम प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरी, दाङको नाममा रु.१००० (एक हजार रुपैया मात्र।) राजस्व भौचर भरी सक्कलै बैंक भौचर समेत पेश गर्नुपर्ने छ।

२. सिलबन्दी दरभाउपत्र साथमा इच्छुक फर्म कम्पनी वा संस्थाको इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र व्यवसायिक कर दर्ता प्रमाणपत्र स्थायी लेखा नम्बर मू अ कर दर्ता २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र वा आ.व. २०८२/०८३ को आय व्यय विवरण पेश गरेको आ.व. प्रमाण पत्र,मूल्य अभिवृद्धि दर्ता प्रमाणपत्र नेपाली नागरिकताको प्रतिलिपी, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी अधिकृत बिक्रेताको प्रमाणपत्रको प्रतिलिपी, धरैटी बापतको रकम को.ले.नि.का.दाङको एकल कोष प्रदेश धरौटी खाता न. ०२७०२००००००२००३००००००१ मा रकम जम्मा गर्ने कार्यालय प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरी दाङ कोड न. ३७००१५६०३५ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा 'क' वर्गको बाणिज्य बैंकबाट यस चिकित्सालयको नाममा जारी भएको सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट गणना हुनेगरी ९० दिन म्याद रहेको बिडबण्ड पेश गर्नुपर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र फारममा विवरण लेख्दा केरमेट नगरी स्पष्टसँग अङ्क र अक्षरमा दररेट उल्लेख गर्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।मूल्य अभिवृद्धि कर (भ्याट) लाग्ने औषधी तथा औषधीजन्य सामग्रीहरुको हकमा सिलबन्दी दरभाउपत्रदाताको फर्म भ्याटमा दर्ता भएको हुनुपर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र पूर्ण रुपमा स्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार चिकित्सालयमा निहित रहनेछ।

६. सिलबन्दी दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र दाखिला गर्नुपर्ने मिति र समयभित्र प्रस्तावित खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय तथा भ्रष्टाचार सम्बन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित रुपमा स्वघोषणा गरेको सक्कल प्रति अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

७. सिलबन्दी दरभाउपत्र मार्फत पेश भएका सिलबन्दी दरभाउपत्रहरु ८ औं दिनको १ बजे यस चिकित्सालयमा प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । म्यादभित्र दर्ता नभएको, रीत नपुगेको शर्त राखी पेश गरेको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन, सोहि दिन सार्वजनिक बिदा भएममा सोको भोलिपल्ट खोलिनेछ ।

८. सिलबन्दी दरभाउपत्रले दररेट पेश गरेका अत्यावश्यक औषधीहरु औषधी व्यवस्था विभागमा रजिष्टर्ड तथा बिक्री वितरण इजाजत प्राप्त भएको हुनुपर्नेछ । दरभाउपत्रदाताले यस चिकित्सालयले माग गरे बमोजिमको उत्पादन अनुज्ञापत्र वा आयात इजाजत पत्र, बजार बिक्री वितरण प्रमाणपत्र लगायतका प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ । साथै उक्त औषधीको गुणस्तर परीक्षण खर्च तथा दायित्व दरभाउपत्रदाता स्वयंको हुनेछ ।आर्थिक वर्ष २०८३।८४ मा प्रदेशबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतमा कृयाकलापहरु संचालन सम्बन्धी मार्गदर्शन अनुसार WHO-GMP Guideline/National GMP Guideline/ औषधी उत्पादन कुशल अभ्यास (दोस्रो संशोधन) संहिता,२०८२ बमोजिम प्रमाणमकिण गरिएको उद्योगबाट उत्पादित औषधीलाइ प्राथमिकता दिइने छ।

९. औषधिको गुणस्तर परीक्षण यस चिकित्सालयका प्राविधिकहरुबाट शास्त्रीय विधि अनुसार हुनेछ । साथै आवश्यकतानुसार तेस्रो पक्षबाट समेत गुणस्तर परीक्षण गराउन सकिने छ ।

१०. अत्यावश्यक आयुर्वेद औषधीहरु आपूर्ति गर्दा दरभाउपत्रमा उल्लेख गरिएबमोजिमको औषधी उत्पादक कम्पनीको नाम र औषधीको अधिकतम खुद्रा मूल्यमा फरक पर्न गएमा स्वीकार गरिनेछैन ।

नि. निर्देशक

११. आपूर्ति गर्ने आयुर्वेद औषधीका लेबलमा औषधीको नाम, ब्याच नं., उत्पादन मिति, म्याद समाप्त हुने मिति (Expiry Date), MRP र तोल आदि खुलेको हुनुपर्नेछ । आपूर्ति गर्ने औषधीको प्रयोग अवधि उत्पादन मितिबाट कुल प्रयोग समयावधिको न्युनतम ८० प्रतिशत प्रयोग समयावधि बाँकी भएको हुनुपर्नेछ ।

१२सिलबन्दी दरभाउपत्रदाताले दररेट पेश गरेका औषधीहरुको दररेट पेश गर्दा उत्पादक कम्पनी वा आयात इजाजत प्राप्त फर्म वा सुपर डिष्ट्रीब्युटर्सबाट दरभाउपत्रलाई सिलबन्दी दरभाउपत्र नं. खुलाई अत्यावश्यक आयुर्वेद औषधीहरु उपलब्ध गराउन मन्जुर रहेको पत्र (Authorization letter), दरभाउपत्र साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

१३. आपूर्ति गर्ने औषधीहरुमा निःशुल्क वितरणका लागि मात्र भनि छाप लगाएको हुनुपर्ने छ ।

१४. आ.व.२०८३/०८४ को लागि पटक पटक वा एकैपटक अत्यावश्यक औषधी खरिद गर्ने सकिने छ ।

१५. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन/नियम साथै सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुनबमोजिम हुनेछ । थप जानकारीको लागि फोन नं. ०८२-४११०५० मा बुझ्न सकिने छ ।

तपसिल

| क.स. | ठेक्का नं. | कामको विवरण | धरौटी रकम रु | धरौटी खाता नं. | कार्यालय कोड नं. |
|---|---|---|---|---|---|
| १ | PAH-NCB-Goods-2-2083/084 | अत्यावश्यक आयुर्वेद औषधि खरिद | १५०००० | ०२७०२०००००२००३०००००१ | ३७००१५६०३५ |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
प्रादेशिक आयुर्वेद चिकित्सालय
बिजौरी, दाङ

डा. प्रवेश श्रीवास्तव
नि.निर्देशक
नि. निर्देशक